नेपाल सरकार
# स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

फोन: ४- २२३५८०, २६२६९६, २६९७३६, २६२८०२, २६२९८७, २६२४६८, २६२५४३

पत्र संख्या:- ०७१/०७२
च.नं. :-

रामशाहपथ,
काठमाडौं, नेपाल

मिति: २०७२।०२।०१

बिषय : उद्धारकर्ता, घाईते एवं आमनागरिकहरुलाई जानकारीको लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जारी गरेको प्रेस विज्ञप्ती

भूकम्प पिडित तथा घाईतेहरुको उद्धार, उपचार तथा बिपद पश्चात हुने प्रकोप तथा रोगहरु रोकथामको लागि मिति २०७२/०२/०१ गतेसम्म स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट देहाय बमोजिमका क्रियाकलापहरु भएको कुरा सम्बन्धित सबैको जानकारीको लागि प्रेषित गरिन्छ ।

१. उपचार गरिएको बिरामी तथा घाइतेको संख्या

- मिति २०७२/०१/३१ गतेसम्म उपचार पाएका घाईते तथा विरामीको जम्मा संख्या: १,०१,१८२ रहेको छ ।

२. राष्ट्रिय तथा अन्तराष्ट्रिय उपचार टोलीहरुको परिचालन, अनुगमन तथा बैठक

- आज माननीय स्वास्थ्य तथा जनसंख्या मन्त्री श्री खगराज अधिकारीज्यूले भुकम्प प्रभावित रसुवा जिल्लाको अनुगमनका क्रममा प्रमुख जिल्ला अधिकारी, स्थानीय विकास अधिकारी तथा जिल्ला अस्पताल प्रमुखहरुसँगको भेटमा घाइतेहरुको उपचार र त्यस सम्बन्धमा भएका प्रगतिहरुका सम्बन्धमा जानकारी लिनु भयो । यसै क्रममा घाईतेहरुको उपचारका लागी थप औषधी तथा उपकरणहरु आवश्यक पर्ने भएमा तुरुन्तै जानकारी गराउन समेत निर्देशन दिनुभयो । यसका साथै भुकम्प पश्चात सरुवा रोगको प्रकोप फैलन सक्ने सम्भावनालाई मध्यनजर गरी यस बारेमा सजग रहन र रोग रोकथामका लागि जनचेतनामुलक कार्यक्रम संचालन गरी स्वास्थ्य सन्देश तथा सूचनाहरु प्रवाह गर्न समेत निर्देशन दिनुभयो । अनुगमनको क्रममा जिल्ला अस्पताल र जिल्ला जनस्वास्थ्य कार्यालयबाट भए गरेका क्रियाकलापहरुको अवलोकन गनु हुदै भुकम्पको यस बिपद परिस्थितिमा एकजुट रही घाइतेको उपचारमा संलग्न हुनुभएका सम्पूर्ण स्वास्थ्यकर्मीहरुलाई धन्यवाद पनि दिनुभयो।
- स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट खटिएका १०७ वटा अन्तराष्ट्रिय मेडिकल टीमहरुमध्ये आजसम्म फ्रान्स, अमेरिका, जर्मनी, थाइल्याण्ड, बंगलादेश, सिंगापुर, ताइवान, ईजरायल, स्पेन, वेलायत, फिलीपिन्स, अष्ट्रेलिया, टर्की, क्यानडा, हंगेरी, नेदरल्याण्ड, इन्डोनेसिया, दक्षिण कोरिया र चीन र भारतका केही टीम गरी जम्मा ४९ वटा मेडिकल टिमहरु आफ्नो काम पुरा गरि फर्किएका छन् ।

३. उपकरण र औषधि

- स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले भूकम्पबाट प्रभावित जिल्लाका बिभिन्न स्वास्थ्य संस्थाहरुमा आवश्यकता अनुसार निरन्तर रुपमा सम्पर्कमा रही आवश्यक औषधि र उपकरणहरु पठाईरहेको छ ।

४. महामारी रोकथामका लागि गरिएको प्रयासहरु

- स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले रोगकोहरुको प्रकोप रोकथामका लागि स्वास्थ्य सन्देशहरु संचार माध्यमहरुबाट प्रचार–प्रसार र शैक्षिक सामग्रीहरु भूकम्प प्रभाबित जिल्लाहरुमा बितरण निरन्तर रुपमा गरिरहेको छ ।

नेपाल सरकार
# स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

फोन: ४- २२३५८०, २६२६९६, २६९७३६, २६२८०२, २६२९८७, २६२४६८, २६२५४३

पत्र संख्या:- ०७१/०७२
च.नं. :-

रामशाहपथ,
काठमाडौं, नेपाल
मिति: २०७२।०२।०१

५. स्वास्थ्यकर्मीको व्यवस्था र अन्य विषय

- स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले भूकम्पवाट प्रभावित विरामी तथा घाइतेहरुको उपचार तथा सूचनाको उपलब्धतामा सहजताका लागी टोल फी नं १६६००१३३४४ संचालनमा ल्याएको छ । यदि कुनै ठाँउबाट स्वास्थ्य सम्बन्धि जानकारी लिन वा दिन परेमा माथिदिएको टोल फ्रि नम्बरमा २४ सै घण्टा सम्पर्क गर्नु हुन अपिल गरिएको छ ।
- प्रभावित जिल्लाका जिल्ला स्वास्थ्य कार्यालय, स्वास्थ्य चौकी तथा उपस्वास्थ्य चौकीका स्वास्थ्यकर्मीहरुलाई आफ्नो कार्यक्षेत्रमा अनुपस्थित रहेको कारणले चिकित्सक सहित १४ जनालाई यस अघिनै निलम्बन गरीएकोमा आज थानसिंङ औषधालय, नुवाकोटका कविराज उषा पौडेललाई निलम्बन गरीएको छ । यस सँगै निलम्बित स्वास्थ्यकर्मीको संख्या १५ पुगेको छ ।
- स्वास्थ्य तथा जनसंख्या मन्त्रालयद्वारा भू-कम्प प्रभावित जिल्लाहरुमा मेडिकल अधिकृत (आठौं तह) र मनोसामाजिक परामर्श दाता संघ संस्थाहरु छनौटका लागि सातदिन भित्र आवेदन गर्न सूचना प्रकाशित गरिएको छ ।

डा. गुणराज लोहनी
सदस्य सचिव एवं प्रबक्ता
विपद व्यवस्थापनको लागि केन्द्रिय समन्वय समिति, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय